बैठक मितिः २०८१/०१/११

बैठक सङ्ख्याः ३४

छलफल तथा निर्णयः

१. सार्वजनिक लगानीको प्रभावकारिता अभिवृद्धि गर्न तयार गरिएको सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना (२०८१/८२-२०८५/८६) मा छलफल हुँदा आयोगको बैठकमा आएका सुझावहरू समेत समावेश गरी स्वीकृत गर्ने र कार्यान्वयनको लागि सम्बन्धित सबै निकायलाई लेखी पठाउने।

२. राष्ट्रिय विकास परिषदको बैठकमा सहभागि हुने करिब ३०० जना राष्ट्रिय विकास परिषदका सदस्य एवम् अन्य आमन्त्रित लगायत सवारी चालक र सुरक्षाकर्मीका लागि बिहानको खाजा, दिवा खाना, चिया, रात्रीभोज तथा इन्टरनेट सुविधा उपलब्ध गराउने प्रयोजनको लागि विभिन्न होटलहरुबाट प्राप्त संलग्न दररेटको आधारमा तयार गरिएको लागत अनुमान रु. १५,०५,०००।- (अक्षरेपि पन्ध्र लाख पाँच हजार रुपैया मात्र) स्वीकृत गर्ने।